नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९  स.नि.वि.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३४ | अंक १५२ | २०८१ साल पुस २९ गते सोमबार (13 Jan. 2025 Monday) | मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : अनुहारमा होइन विचारमा.. ३ पृष्ठमा : देशका खोलानालामा आवश्यक ... ३ पृष्ठमा सलाला युसुफजाईद्वारा तालिबानलाइ..

## सरकारको कार्यशैलीका बारेमा कलम चलाउन संचारकर्मीहरुलाई मन्त्री लेखीको आग्रह



**दैनिक समाचारदाता**
**राजविराज, २८ पुस ।**

मधेश प्रदेश सरकारका गृह, संचार तथा कानुन मन्त्री राजकुमार लेखीले तीनै तहका सरकारको कार्यशैलीका बारेमा स्वच्छ रुपमा कलम चलाउन संचारकर्मीहरुलाई आग्रह गरेका छन् ।

सप्तरीको सप्तकोशी नगरपालिकाको फत्तेपुरमा आइतबार आयोजित प्रदेश सुरक्षा समन्वय समितिको बैठकमा भाग लिएर फर्किएपछि राजविराजमा पत्रकार सम्मेलन मार्फत यस्तो आग्रह गरेका हुन् ।

संघीयताकै कारण मुलुकमा विकासीय काम तिब्रगतिमा अघि बढेको दाबीका साथ उनले यसलाई खारेज हुनु पर्ने भनी कुनै कुनै कोणबाट कुरा उठ्नु पश्चगामी सोच रहेको बताए । नयाँ संविधानमा ग्यारेन्टी भएको संघीयता खारेज हुँदा संविधान नै धरापमा पर्ने बताउँदै उनले यस्ता कुरामा संचारजगतले पनि विचार पुऱ्याउनु पर्नेमा जोड दिए ।

मुलुकमा आएको ऐतिहासिक परिवर्तनका पछाडी प्रेस जगतको ठूलो भूमिका रहेको बताउँदै उनले संघीयता, समावेशीता, गणतन्त्र जस्ता उपलब्धीलाई बचाएर राख्न प्रेसको पनि जिम्मेवारी रहेको जिकिर गरे ।

"सही र सत्यतथ्यमा आधारित भएर पत्रकारले सरकारबाट हुने गलत काममा बारेमा पनि लेख्न हिचकिचाउनु हुदैन्, उनले भने, यसले सरकारलाई सचिएर काम गर्न सुझाव मिल्दछ ।"

प्रदेशमा खुल्ला सीमाका कारण लागु औषधको कारोबार, तस्करी लगायतका अपराधिक घटनालाई मध्यनजर गरि सुरक्षा समन्वय समितिको बैठकमा बृहत छलफल भएको उनले जानकारी दिए ।

मन्त्री लेखीका साथमा प्रदेश नीति आयोगका सदस्य डा. शिला मिश्रा, नेपाल प्रहरीका डिआइजी लालमणि आचार्य, सशस्त्र प्रहरीका डिआइजी कालिदास धौजी श्रेष्ठ, राष्ट्रिय अनुसन्धानका निर्देशक माधव तिमिल्सिना समेत आएका थिए ।

## उद्योग बाणिज्य संघद्वारा नवनिर्वाचित पदाधिकारीलाई सम्मान




**दैनिक समाचारदाता**
**राजविराज, २८ पुस ।**

सप्तरी उद्योग बाणिज्य संघले नेपाल पत्रकार महासंघको हालै सम्पन्न निर्वाचनमा तीनै तहमा निर्वाचित भएका पदाधीकारीहरुलाई सम्मान गरेको छ ।

आइतवार एक कार्यक्रमको आयोजना गरी नवनिवार्चित जिल्ला कार्य समिती, प्रदेश र केन्द्रीय पार्षद तथा केन्द्रीय सदस्यलाई सम्मान गरिएको हो ।

कार्यक्रमका प्रमुख अतिथी नेपाल उद्योग बाणिज्य महासंघका केन्द्रिय सदस्य अरुण प्रधानले पदाधीकारीहरुलाई दोसल्ला तथा कदरपत्रबाट सम्मान गरेका छन ।

कार्यक्रममा नेपाल जेसिजका नवनिर्वाचित सचिव उज्जवल काबरासमेतलाई प्रमुख अतिथि प्रधानले दोसल्ला र कदरपत्रबाट सम्मान गरेका थिए ।

कार्यक्रममा प्रमुख अतिथि प्रधानका साथै सप्तरी उद्योग बाणिज्य संघका अध्यक्ष लालुप्रसाद अग्रवाल, सल्लाहकार बैजु जोशी, राजविराज जेसिजका अध्यक्ष विपलव आनन्द लगायतले बोल्दै राजविराज नगरपालिकाको बिटौरी जग्गा, खुल्ला सीमानाकाका कारण हुने अवैध मालसमान चोरी पौठारी तथा सरकारको अव्यवहारिक कर नीति लगायतका कारणले यहाँको व्यापार व्यवसायचौपट हुन लागेको भन्दै यसतर्फ पनि कलम चलाउन संचारकर्मीहरुसँग आग्रह गरेका थिए ।

## परालमुनी लुकाई राखिएको ठूलो परिमाणमा प्रतिबन्धित गाँजा बरामद, चार जना प्रहरी पुरस्कृत





**दैनिक समाचारदाता**
**राजविराज, २८ पुस ।**

बालुवा गिट्टीले छोपेर तस्करीका लागी टिपरमा लुकाएर लैजादै गरेको प्रतिबन्धित लागु औषध १ हजार ७ सय १७ केजी गाँजा सप्तरी प्रहरीले बरामद गरेको छ ।

दुई महिना नवित्दै प्रहरीले पुनः खेतमा परालले छोपेर राखिएको ठूलो परिमाणको गाँजा बरामद गरेको हो । प्रहरीले बलानविहुल गाउँपालिका वडा नं.१ बलानपट्टीस्थित खेतबाट परालले छोपी राखिएको अवस्थामा ६ सय ७० केजी गाँजा बरामद गरेको छ ।

शनिबार साँझ बरामद गरिएको उक्त गाँजा आईतवार जिल्ला प्रहरी कार्यालय सप्तरीमा पत्रकार सम्मेलनको आयोजना गरी सार्वजनिक गरिएको छ ।

तस्करीका लागी २४ वटा प्लास्टिकको प्याकेट बनाई परालमुनी लुकाई राखिएको अवस्थामा गोप्य सुचनाको आधारमा प्रहरी चौकी मौवाहाका प्रहरी सहायक निरिक्षक हेमन्त तमाङको नेतृत्वका खटेको टोलीले उक्त गाँजा बरामद गरिएको प्रहरी उपरिक्षक ढकेन्द्र खतिवडाले जानकारी दिए ।

उक्त गाँजा भण्डारण गर्ने ब्यक्तीको पहिचान खुल्न बाँकी रहेको र यसबारे आवश्यक अनुसन्धान भइरहेको उनले बताए ।

सप्तरी प्रहरीले यस अघि गत मंसिर ३ गते हुलाकी सडक खण्ड अन्तर्गत सप्तरीको राजगढ गाउँपालिका सडक खण्डमा बालुवागिट्टी बोकेको टिपरबाट १ हजार ७ सय १७ केजी प्रतिबन्धित लागु औषध गाँजा बरामद गरेको थियो ।

यसैबीच जिल्ला प्रहरी कार्यालय सप्तरीले प्रतिबन्धित लागु औषध गाँजा बरामदगी तथा आफ्नो क्षेत्रमा उत्कृष्ट सेवा प्रदान गरेको भन्दै प्रहरी सहायक निरिक्षकसहित हेमन्त तमाङ, प्रहरी बरिष्ठ हबल्दार राजकुमार महतो तथा प्रहरी जबान अर्जून कुमार साह र मुकेश रायलाई पुरस्कृत गरिएको छ ।

## अदालतबाट २० वर्ष कैद सजाय पाएका फरार प्रतिवादी ४० वर्षपछि पक्राउ

**दैनिक समाचारदाता**
**रौतहट, २८ पुस ।**

प्रदेश प्रहरी कार्यालय जनकपुरधामले कर्तव्य ज्यान मुद्दामा २० वर्ष अदालतबाट कैद सजाय पाएर फरार रहेका एक प्रतिवादीलाई ४० वर्षपछि पक्राउ गर्न सफल भएको छ ।

रौतहटको राजदेवी नगरपालिका ९ निवासी राजु सिंहले नाम र धर्म परिवर्तन समेत गरेर सर्लाहीको चक्रघटामा लुकिछिपी बसेको अववस्थामा मधेश प्रदेश प्रहरीले पक्राउ गरेको हो ।

प्रहरी टोलीका नायव उपरीक्षक विरेन्द्र कुमार पासवानका अनुसार सिंहले मोहम्द सराज राइन नाम परिवर्तन गरी भारतमा बसको खलासीको काम गर्दै आएका थिए । उनी सर्लाहीको चक्रघट्टा गाउँपालिका वडा नं. ४ बाट मो. सराज राइनको नाममा नागरिकता समेत लिई मुसलिम महिलासँग विवाह पनि गरेको उनले जानकारी दिए ।

प्रहरीका अनुसार बि.स. २०४१ सालमा कर्तव्य ज्यान मुद्दामा धुपकली देवीको जाहेरीले २०५७ साल फागुन २६ गते रौतहट जिल्ला अदालतले सिंहलाई २० वर्ष कैद सजायको फैसला सुनाएको थियो । सोही समयदेखी उनी फरार थिए ।

**उपभोक्ता सचेत बनौं**

➢ अखाद्य, सडेगलेको वा म्याद नाघेको तथा अस्वभाविक रूपमा बढी मूल्य वा कम तौलका वस्तु बिक्री गर्ने जस्ता कार्य गैह्र कानूनी हो,

➢ त्यस्ता गैहकानूनी कार्य भएको जानकारी पाउनासाथ बाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग वा वाणिज्य तथा उपभोक्ता हित संरक्षण कार्यालय, सम्बन्धित जिल्ला प्रशासन कार्यालय, स्थानीय तह वा टोल फ्री नं. ११३७ मा उजुरी गरौं,

➢ सचेत उपभोक्ता बनौं, आफ्नो मौलिक अधिकारको सदुपयोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय ....

## दिर्घकालिन नीति बनाउ

हामी कृषि प्रधान देशका नागरिक हौं भनेर गर्व त गरिरहेका छौं । तर, हाम्रा कृषि प्रणाली अझै सुदृढ हुन सकेको छैन । राम्रो धान फल्यो भनेर हामी खुशी हुन्छौं र हाम्रो खेती सप्रियो भनेर पनि हामी हर्षित हुन्छौं । तर, रोपाईंका बेला कदाचित राम्रो वर्षा भई दिएन भने उत्पादनमा ह्रास आउने पक्कै हुन्छ । हामी सधैं खेतीका लागि वर्षामा भर परेका हुन्छौं । तर, हरेक वर्ष वर्षाले हामीलाई साथ भन्ने हुँदैन । सप्तरीमा सिँचाई अभावमा प्रत्येक वर्ष १० देखि ४० हजार हेक्टर खेती योग्य जमीन बाँझो रहने गरेको तथ्याङ्क छ । खेती प्रणालीलाई वैज्ञानिकीकरण गर्दै सिँचाई, मल लगायत आवश्यक व्यवस्था गर्न सकिए सप्तरीमा धान उत्पानको दर प्रति हेक्टर चार देखि पाँच मेट्रिक टनसम्म पुऱ्याउन सकिने कृषि जानकारहरुको कथन छ ।

तर, विडम्बना चन्द्रनहर, कोशी पश्चिमी नहर र कोशी पम्प नहर गरी तीन ठुला सिँचाई प्रणाली र ग्रामीण पूर्वाधार विकास कार्यक्रम एवं सिंचाई सेक्टरका अन्तर्गतका अन्य सानातिना सिँचाई व्यवस्था रहे पनि तिनको अस्तव्यस्त र जीर्ण अवस्थाका कारण रोपाईका समयमा सिँचाईको अभाव हुने गरेको छ । कृषिमा तुलनात्मक रुपमा उत्पादन वृद्धि गर्ने लैजानका लागि कृषि प्रणालीलाई वैज्ञानिकीकरण गर्दै जानुको विकल्प छैन । आकाशे वर्षाको भरमा र पुरातन कृषि प्रणालीका भरमा उत्पादन वृद्धि गर्न सकिन्न ।

तीनै तहका सरकारले कृषिलाई वैज्ञानिकीकरण गर्न तर्फ सकारात्मक पाइला चाल्न ढिला गर्न हुन्न । तसर्थ यसका लागि एउटा ठोस दिर्घकालिन नीति अपनाएर अगाडी बढ्नु जरुरी छ ।

# अनुहारमा होइन विचारमा सुन्दरताको खोजी

**राजकुमार दिक्पाल**

काठमाडौँ, २८ पुस (रासस) ।

जङ्गबहादुरको बेलायत यात्रा वृत्तान्तमा उमेरदार युरोपेली नारीहरुको सौन्दर्यको थोरै बयान गरिएको पढ्न पाइन्छ । त्यस यात्रा वृत्तान्तमा युरोपेली युवतीहरुको नाकको अलिकति चर्चा गरिएको छ । उनीहरुको नाकलाई ‘तेलको धारा’जस्ता भनिएको छ ।व्यक्तिले व्यक्तिमाथि दृष्टि दिंदा उसका आँखाहरुको मूल आकर्षणको केन्द्र अनुहार नै हुन्छ ।

समकालीन दुनियाँमा मानिसको आँखा, नाक वा शारिरीक बनोट हेरेर सौन्दर्यको चर्चा गर्ने वा औसत धारणा बनाउने प्रवृत्ति उत्पात मौलाएको छ । त्यसैले अधिकतम् व्यक्तिहरुले सकेसम्म आफ्नो आवरणलाई सुन्दर बनाउन चाहन्छन्, जसका कारण आफ्नो अनुहार हेरेर अरुले आफूमाथि राम्रो धारणा बनाऊन् । तर ब्यक्तिको सौन्दर्यलाई केवल अनुहारको रुपरङमा मात्र सीमित गरिए त्यो ठूलो भ्रम हुनेछ । अनुहारबाट मात्रै मानिसको वास्तविक पहिचान भेट्न सकिन्न । मानिसको वास्तविक सुन्दरता त उसले बोकेको विचारमा मात्र पाइन्छ । महान विद्वान अष्टबक्राले भनेकै छन्, “आत्मदृष्टिले हेरियो भने असुन्दर भन्ने केही पनि पाइन्न । तर चर्मदृष्टिले हेर्न थालियो भने असल भन्ने देख्न मुस्किल पर्नेछ । चर्मदृष्टिले त अज्ञानीले मात्रै हेर्छ ।”

अष्टबक्राको यो भनाइलाई हामीले गहिराइमा पुगेर ध्यानदृष्टि दियौं भने मनन् गर्न पर्ने उच्च तहको दर्शन पाउन सक्छौं । तर अहिलेको यो अस्वस्थ होडबाजीको युगमा यस्तो दर्शन र ज्ञान सम्झाउने र सम्झनेहरुको खडेरी पर्न थालेको छ । यो सभ्य समाजको सूचक होइन ।

मानिसको अनुहार मात्रै हेरेर दृष्टिकोण बनाउनु पनि चर्मदृष्टिको उपज हो । हामी भन्न सक्छौं, मानिसको बाहिरी रुप रङ वा आवरण हेरे मात्रै निर्णयमा पुग्न थालियो भने त्यो हतारो हुनेछ । हामीले मानिसको विचारबाट मात्रै उसको सौन्दर्यको सही मूल्याङ्कन गर्न सक्छौं ।

**सुकरातको अनुहार अवलोकन**

असल विचार र दर्शनको प्रवाह गर्दा समाज भाँडेको आरोप लागेको थियो महान दार्शनिक सुकरातलाई । त्यहीँ आरोपमा त्यसबेलाको आडम्बरी शासकले उनलाई मृत्युदण्ड दिएको थियो । शारीरिक दृष्टिले सुकरातमा आकर्षक व्यक्तित्व थिएन । उनी होचो कदका थिए र हिँड्दा पनि बाङ्गो पाराले हिँड्थे । उनीको अनुहार कुरुप थियो । तर पनि उनको पछाडि लाग्ने शिष्यहरुको लर्को सानो थिएन । यसको कारण थियो, उनीबाट प्रवाहित हुने सुन्दर विचारहरुको प्रवाह ।

एक दिन उनी आफ्ना शिष्यहरुलाई प्रवचन दिइरहेको बेला एक ज्योतिष उनीसम्मुख उपस्थित भए । ती ज्योतिष कसैको अनुहार हेरेकै भरमा मानिसको भविष्यवाणी गरिदिने घमण्ड गर्थे । ती ज्योतिषले सुकरातको अनुहार हेर्दै भने, “यो मानिसमा क्रोध नै क्रोध छ । नाक हेर्दा यस्तै लाग्छ । निधार र टाउकोको बनोट हेर्दा यो मानिस लोभी हुनुपर्छ । चिउँडो हेर्दा अत्यन्तै सनकी छ । ओठ र दाँतको आकारले भन्छ, यो मानिस देशद्रोहका लागि लालायित छ ।”यो सुनेर ती ज्योतिषलाई सुकरातले राम्रो पुरस्कार दिएर पठाउँदा उनका शिष्यहरु ठूलो आश्चार्यमा परे । आफ्ना शिष्यहरुको आश्चार्य बुझेर सुकरातले उनीहरुलाई भने, “ज्योतिषले भनेको सबै दुर्गुण मसँग छ । यो म स्वीकार गर्छु । तर ज्योतिषले मेरो विवेकलाई ध्यान दिएनन् । म आफ्नो विवेक शक्तिले सबै दुर्गुणमा अङ्कुश लगाउन सक्छु ।”

मानिसले अनुहार हेरेर सबै कुरा थाहा पाउन सक्ने भए ती ज्योतिषले भने जस्तै सुकरात पनि अत्यन्तै खराब हुनुपर्ने हो । तर उनी त संसारको महान दार्शनिक भएर अमर बने । उनैले जन्माएका शिष्य प्लेटो अर्का महान विचारक भए भने प्लेटोको शिष्य एरिस्टोटलको विषयमा जति चर्चा गरे पनि कम हुन्छ । सुकरातको जन्म एक व्यक्तिमा मात्रै सीमित भएन, उनी त समाजको मार्गदर्शक बने ।

सुकरातको समयमा उनको इर्श्या गर्ने र आफूलाई विद्वान स्वघोषणा गर्नेहरु प्रशस्तै थिए । उनीहरु आफूलाई ‘सोफिस्ट’ भन्थे । तर सुकरात चाहिँ आफूलाई फिलोसोफर भन्थे । ल्याटिन भाषामा ‘फिलो’ भनेको ज्ञान र ‘सोफर’ भनेको प्रेमी हो । विनयशील सुकरातले आफूलाई विद्वान नभनी ज्ञानको प्रेमी भन्ने गर्थे । यसबाट पनि असल चिन्तकहरुमा विनयशीलताजस्तो महानता कतिसम्म हुँदो रहेछ भन्ने थाहा पाउन सकिन्छ । हाम्रा कवि शिरोमणि लेखनाथ पौड्यालले भनेजस्तै फलेको वृक्षको हाँगो ननुहेको कहाँ छ र ?

**रुप र चिन्तनको संयोजन**

मिलेको अनुहार, चम्किला आँखा, आवश्यकताअनुहारको उचाई र दन्तुरुस्त शरिरको चाहना सबैलाई हुन्छ । तर सबैले त्यो अवसर पाउन सक्दैनन् । प्रचलित सौन्दर्य दृष्टिमा अनाकर्षक शारिरीक बनोट लिएर जन्मने मानिसलाई त्यो मानिसले अपहेलना गर्छ, जोसँग अष्टबक्राले भनेजस्तै आत्मदृष्टि होइन, चर्मदृष्टि मात्र हुन्छ ।

हामी रुप र चिन्तनको उदाहरण दिंदा सिद्धार्थ गौतमको उदाहरण दिन सक्छौं । उनले ज्ञान प्राप्तिको खातिर दरबारिया भौतिक सुख परित्याग गरे । त्यसबेला पुरुषहरुले पनि केश विन्यासलाई ठूलो महत्व दिन्थे । उनले दरबार छाडेपछि आफूले बोकेको छुरीले आफ्नो कपाल आफैँ काटे । उनी कतिसम्म सुन्दर थिए भने उनलाई बत्तीस लक्षणले युक्त पुरुष मानिन्थ्यो । उनले भौतिक सुखसयल र आफ्नो सुन्दर अनुहारप्रति कुनै मोह राखेनन् । धैर्यतापूर्वक गरिएको ध्यान साधनाबाट उनले बुद्धत्व प्राप्त गरे । अनि उनी गौतम बुद्धको रुपमा प्रसिद्ध बने ।

बुद्धत्व प्राप्त गरिसकेपछि उनले आफ्नो शिष्यहरुलाई भौतिक सुख र सौन्दर्यतिर रत्तिभर ध्यान नदिई साधनामा लाग्न प्रेरित गरिरहे । दाह्री, जुँगा र कपाल खौरन र वस्त्रका रुपमा चिवर धारण गर्न शिष्यहरुलाई प्रेरित गरे । चिवर भनेको मसान घाटहरुमा फ्याकिएको मृतकको वस्त्रहरु हुन् । तिनीहरुलाई धोई सफा गरी, सिलाइ धारण गर्न उनले शिष्यहरुलाई प्रेरित गरिरहे । उनका शिष्यहरुले त्यसलाई अनुशरण गरे ।

गौतम बुद्धकी एक दिदी ( सानीआमा प्रजापति गौतमी तिरकी छोरी) थिइन्, नन्दा । उनी अत्यन्तै सुन्दरी थिइन् । उनमा आफ्नो सुन्दरताको ठूलो घमण्ड थियो । बुद्ध उनलाई शारिरीक सौन्दर्यको घमण्डबाट मुक्त गराएर भिक्षुणी बनाउन चाहन्थे । निक्कै लामो प्रयासपछि बुद्धले सौन्दर्यको घमण्डबाट मुक्त गराएर नन्दालाई भिक्षुणी बनाउन सफलता प्राप्त गरेका थिए ।

गौतम बुद्धको विचारमा शारीरिक सौन्दर्य गौण हो, त्योभन्दा उत्तम त सुन्दर विचार हो । सुन्दर विचारले सुन्दर समाज निर्माण गर्छ । सुन्दर समाजका लागि उपकारी मनहरुको जमघट आवश्यक हुन्छ । उपकारी मनका लागि सुन्दर विचार चाहिन्छ । गौतम बुद्ध भन्थे, “तिमीले प्रत्येकपल्ट सास फेर्दा तिम्रो आयु घटिरहेको हुनेछ । त्यसैले आफ्नो प्रत्येक क्षण तिमी प्राणी जगत्को उपकारमा लगाउ ।”

**नश्वर शरीर अमर विचार**

संसार अनित्य छ, कुनै भौतिक वस्तु स्थायी छैन । नश्वर शरिर त एक दिन बिलाएर जान्छ । जतिसुकै सुन्दर भए पनि समय क्रमसँगै अनुहार खुम्चदै चाउरी पर्दै

*बाँकी तीन पृष्ठमा*


## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (ब्यवस्था) गरौं ।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं ।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं ।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं ।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं ।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं ।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं ।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं ।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको ब्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं ।

**अनुरोधकर्ता**

**अग्निसाइर कृष्णासवरण गाउँपालिका, सप्तरी**



**डा. ललन प्रसाद रौनियार**

**Dr. Lalan Prasad Rauniyar**

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

**डा. सरोज कुमार साह**

**Dr. Saroj Kumar Sah**

MBBS, MS Orthopaedics (BPKIHS) Dharan

Fellowship in Hand Surgery (CMC Vellore)

NMC Reg. No. : 13288

**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

**डा. जयन्ती यादव**

**Dr. Jayanti Yadav**

M.B.B.S. MD (Obstetrician and Gynaecologist)

हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज

NMC Reg No. : 15312

**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज

Mo. No : 9842830252, 9804605569

# देशका खोलानालामा आवश्यक वातावरणीय बहाव कम भएकामा जलस्रोतविद्हरुको चिन्ता

काठमाडौँ, २८ पुस (रासस)।

जलविद्युत् वा सिँचाइका लागि नदी तथा खोलाको पानी अन्यत्र सोभ्याउनुअघि खोलानालामा पर्याप्त वातावरणीय बहाव(ई–फ्लो) कायम गर्न आवश्यक पहल हुन नसकेको भन्दै जलस्रोतविद्हरुले चिन्ता व्यक्त गरेका छन्।

वातावरणीय बहाव भन्नाले नदी वा खोलाको पारिस्थितिकीय प्रणाली र यस प्रणालीमा निर्भर मानव जीविकोपार्जन कायम राख्न आवश्यक पानीको बहावको मात्रा, समय र गुणस्तरलाई बुझ्काउँछ। दक्षिण एसियाका सन्दर्भमा नदीको बहावसँग सांस्कृतिक र अध्यात्मिक आवश्यकता पनि यससँग जोडिएको छ। वातावरणीय बहावको कार्यान्वयनका लागि मानव विकास, नदिको प्रयोग वा डाइभर्सन नगरी प्राकृतिक वा पुरानै बहावमा पुनर्स्थापित गर्न आवश्यक छैन, तर यसको सट्टा, खानेपानी, सिँचाइ वा ऊर्जामा मात्र केन्द्रित व्यवस्थापनभन्दा नदी तथा खोलाबाट प्राप्त हुने प्रत्यक्ष वा अप्रत्यक्ष व्यापक लाभको पूर्ति हुने उद्देश्य राखिएको हुन्छ।

जलविद्युत्, सिँचाइ वा खानेपानी आयोजनासँग जोडिएका अधिकांश नदीनालामा खासगरी हिँउद र सुख्खा याममा वातावरणीय बहाव नगण्य वा शून्यमा झर्ने गरेको पाइएको छ। खोलानालाको यस्तो दोहन रोक्दै नदीलाई स्वस्थ राख्न तीनै तहका सरकार र स्थानीय समुदायले गम्भीर हुन आवश्यक रहेकामा विज्ञहरूले जोड दिएका हुन्।

अन्तर्राष्ट्रिय जल व्यवस्थापन संस्था (इमी) का अनुसार नेपालमा करिब छ हजार नदीनाला छन्। तीमध्ये अधिकांश हिमालको हिउँ पग्लिएर बग्ने गरेका छन्। पछिल्लो समयमा नेपालका कैयौँ नदीमा जलविद्युत् आयोजना बनिसकेका छन् भने धेरै नदीमा त्यस्ता आयोजना बन्ने तयारी थालिसकिएको छ। केही ठूला नदीमा सिँचाइ आयोजनासमेत बनिरहेका छन्।

तेइस वर्षअघि बनाइएको नेपालको जलविद्युत् नीतिमा हरेक आयोजनाले कम्तीमा १० प्रतिशत वातावरणीय बहाव कायम गर्नुपर्ने व्यवस्था गरिएको छ तर निकै कम नदी आयोजनाले मात्रै वातावरणीय बहाव कायम राख्न कम्तीमा १० प्रतिशत पानी बहन दिने गरेको विभिन्न अध्ययनले देखाएका छन्।

जलविद्युत् उत्पादनका लागि नदीको पूरै बहाव सोझ्याएर पानीविहीन बनाइएका विभिन्न नदी खण्डमा माछा र अन्य जलचरमात्र होइन स्थानीय किसान समुदाय सिँचाइ सुविधा पाउनबाट वञ्चित हुनेक्रम बढिरहेको छ।

देशका नदीमा पर्याप्त वातावरणीय बहाव कायम गर्दै नदीको स्वास्थ्य संरक्षण तथा नदी तटीय क्षेत्रको पारिस्थितिकीय प्रणाली जोगाउन धेरै काम गर्न बाँकी रहेकामा विज्ञहरुले जोड दिएका छन्।

इमी र जलस्रोत तथा सिँचाइ विभागले हालै राजधानीमा आयोजना गरेको कार्यशालामा त्रिभुवन विश्वविद्यालय वातावरण विज्ञान विभागका सहायक प्राध्यापक दीपनारायण शाहले प्रस्तुत गर्नुभएको अध्ययनमा हाम्रो देशमा सञ्चालित करिब ८० प्रतिशत जलविद्युत् आयोजनाले वातावरणीय बहाव कायम गर्न कम्तीमा १० प्रतिशत नदीको पानी बग्न दिनुपर्ने नियमको पालना नगरेका उल्लेख छ। "हामीले हालै ५० वटा जलविद्युत् केन्द्रको अध्ययन गरेका थियौँ। अधिकांशले वातावरणीय बहाव कायम राख्न आवश्यक पानी छोडेका छैनन्।"

इमीको अर्को अध्ययनअनुसार नियम, निर्देशिका र अनुगमनको अभावका कारण वातावरणीय बहावबारे नियमको पालना हुन नसकेको हो। जलविद्युत्मा निर्भर देशका तीन हजार मेगावाट क्षमताका करिब एक सय ६० जलविद्युत् केन्द्र निर्माण भइसकेका छन् भने १० हजार मेगावाट क्षमताका विभिन्न आयोजना निर्माणाधीन छन्। करिब आठ हजार मेगावाट क्षमताका आयोजना निर्माण गर्न आवश्यक सर्वेक्षण भइरहेको छ।

काठमाडौँ विश्वविद्यालयकी सहायक प्राध्यापक रामदेवी तचमो शाहको भनाइमा हरेक नदीको स्वास्थ्य जोगाउन वातावरणीय बहाव कायम राख्ने नियमको पालना हुनुपर्छ। त्यसका लागि जनतालाई सचेत गराउने तथा सरोकारवालाहरूलाई प्रशिक्षण दिन जरुरी छ।

कार्यशालामा सहभागी विज्ञ तथा अधिकारीहरूले जलविद्युत्, सिँचाइ वा खानेपानी आयोजना निर्माण गर्नेक्रममा दिगो हिसाबले हरेक नदीलाई जीवित राख्ने सुनिश्चित गरेर मात्रै पानीको उपभोग गर्नुपर्नेमा जोड दिए।

उनीहरूका भनाइमा नेपालको संसद्मा विचाराधीन नयाँ जलस्रोत विधेयकमा वातावरणीय बहावको विषयलाई सम्बोधन गरिएमा मुलुकका नदीनालाको दिगो संरक्षण हुन सक्छ।

पूर्वजलस्रोतमन्त्री दीपक ज्ञवाली मुलुकका नदीनालासँग जोडिएका आयोजनालाई दिगो बनाउनका लागि तिनको 'स्थानीयकरण' गर्नु सर्वोत्तम उपाय हुनेछ। त्यसक्रममा परियोजनाहरु निर्माण गर्नुअघि गरिने वातावरणीय प्रभाव मूल्याङ्कन अर्थात् इआईए बनाउँदा र यसको कार्यान्वयन गर्दा जतिसक्दो धेरै स्थानीयवासीका चासोलाई सम्बोधन गर्नुपर्नेमा जोड दिनुहुन्छ।

## *अनुहारमा होइन ....*

जान्छ। सिधा र आकर्षक शरिर पनि कुप्रिदै जान्छ। हट्टाकट्टा सरीर समय पुगेपछि कमजोर हुँदै जान्छ। रौहरु झर्न थाल्छन्। अन्ततः हाम्रो भौतिक देह एक दिन माटोमा मिल्न पुग्छ।तर हामीले सुन्दर विचार राख्यौं भने त्यो एक पुस्तावाट अर्को पुस्तामा सर्दै जान्छ। सुन्दर विचारले सुन्दर समाज निर्माणका लागि मार्गदर्शन गर्छ। त्यसैले सुन्दर निर्माणमा जुट्न सुन्दर विचार बोक्न जरुरी छ।

अनुहारको सौन्दर्य र विचारको उत्कृष्टताको प्रसङ्ग कोट्याउँदा महान नाटककार तथा मानवतावादी व्यक्तित्व जर्ज बर्नाड शको धारणालाई पनि उदाहरणको रुपमा लिन सकिन्छ। उनको प्रतिभाबाट प्रभावित नहुने कोही थिएनन्। यस्तै प्रभावमा पर्ने हलिउडकी एक जना सुन्दरीले उनलाई विवाहको प्रस्ताव राख्दै भनिछन्, "तिमी र म विवाह गरौं र हामी यस्तो सन्तानलाई जन्म दिऔं कि रुप मेरोजस्तो होस अनि बुद्धि तिम्रोजस्तो।" यो सुनेर जर्ज बर्नाड शले ती सुन्दरीलाई उल्टै प्रश्न गरेछन्,"हे सुन्दरी, तिम्रो कुरा त ठीकै हो, तर हामीबाट जन्मिने सन्तानमा रुप मेरोजस्तो र बुद्धि चाहिँ तिम्रोजस्तो भयो भने के गर्ने नि ?" त्यसैले हामी पनि अनुहारमा होइन, विचारमा सुन्दरताको खोजी गरौं।

# 'सबै निकाय र राजनीतिक दलले सूचना हक कार्यान्वयन गर्नुपर्नेमा जोड'

काठमाडौँ, २८ पुस (रासस)।

सभामुख देवराज घिमिरेले सार्वजनिक निकायका साथै सबै राजनीतिक दलले सूचनाको हकसम्बन्धी ऐन, २०६४ को व्यावहारिक र प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्नेमा जोड दिनुभएको छ।

राष्ट्रिय सूचना आयोगले यहाँ आइतबार आयोजना गरेको 'राजनीतिक दलमा सूचनाको हकसम्बन्धी कानुनको अभ्यास' विषयक अन्तरक्रियामा उहाँले सबै राजनीतिक पार्टीले लोकतन्त्रलाई बलियो बनाउन र जनताको विश्वास जित्न पारदर्शी बन्दै सो ऐनको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने बताउनुभयो।

प्रत्येक तीन/तीन महिनामा सार्वजजिक निकायले सरोकार भएका सबै सूचना अद्यावधिक गरी प्रकाशन गर्नुपर्ने तथा कार्यालयमा रहेका सूचना प्रवाह गर्न सूचना अधिकारीको व्यवस्था गर्नुपर्ने व्यवस्था ऐनले गरेको छ।

सूचनाको हकसम्बन्धी ऐन, २०६४ र नियमावली, २०६५ ले "प्रत्येक सार्वजनिक निकायले आमनागरिकको सूचना पाउने मौलिक हकको सम्मान गर्दै सूचना प्रवाह गर्नु पर्दछ", भनेको छ।

सभामुख घिमिरेले भन्नुभयो, "हामीले सूचनाको हकसम्बन्धी अन्तर्राष्ट्रिय सन्धि, अभिसन्धि वा घोषणापत्रमा नेपाल पक्ष भएर सहमति गरेका छौं, साथै वर्तमान संविधानमा मौलिक हकका रूपमा व्यवस्था गरी प्रत्येक नागरिकले आफूलाई चाहिएको वा सरोकार भएका सूचना माग्न पाउने अधिकारलाई सुनिश्चित गरेको छ।"

सभामुख घिमिरेले लोकतान्त्रिक संसदीय प्रणालीभित्र राजनीतिक दलहरूको भूमिका सबैभन्दा माथि रहने जनाउँदै उहाँले

*बाँकी अन्तिम पृष्ठमा*


## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (व्यवस्था) गरौं।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको व्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं।

अनुरोधकर्ता
सुरुङ्गा नगरपालिका, सप्तरी


## विश्व समाचार

# मलाला युसुफजाईद्वारा तालिबानलाई 'वैधता' नदिन मुस्लिम नेताहरूसँग आग्रह

इस्लामाबाद, २८ पुस (रासस/एएफपी)।

नोबेल शान्ति पुरस्कार विजेता मलाला युसुफजाईले आइतबार मुस्लिम नेताहरूसमक्ष अफगान तालिबान सरकारलाई 'वैधता' नदिन र महिला तथा बालिकाको शिक्षामाथिको प्रतिबन्धको विरोध गर्दै 'वास्तविक नेतृत्व' देखाउन आग्रह गर्नुभएको छ।

"उनीहरूलाई वैधता नदिनुहोस्", पाकिस्तानको राजधानी इस्लामाबादमा आयोजित मुस्लिम राष्ट्रहरूमा बालिका शिक्षासम्बन्धी शिखर सम्मेलनमा शिक्षा अधिकारीहरूलाई सम्बोधन गर्दै २७ वर्षीया युसुफजाईले भन्नुभयो, "मुस्लिम नेताहरूका रूपमा अब आफ्नो आवाज उठाउने र आफ्नो शक्ति प्रयोग गर्ने समय हो। तपाईंहरूले वास्तविक नेतृत्व देखाउन सक्नुहुन्छ।"

पाकिस्तानका शिक्षामन्त्री खालिद मकबुल सिद्दिकीले शनिबार एएफपीलाई बताए अनुसार निमन्त्रणा गरिए पनि अफगान तालिबान सरकारका प्रतिनिधिहरू दुई दिने कार्यक्रममा उपस्थित भएनन्।

"सरल भाषामा भन्नुपर्दा तालिबानले महिलाहरूलाई मानव प्राणीका रूपमा हेर्दैन", युसुफजाईले सम्मेलनमा भन्नुभयो, "उनीहरूले आफ्नो अपराधलाई सांस्कृतिक र धार्मिक औचित्यमा लुकाउँछन्।"

महिला शिक्षा अधिकारका लागि अभियान चलाउँदै गर्दा सन् २०१२ मा १५ वर्षीया स्कुलकी छात्रा हुँदा पाकिस्तानी तालिबानले युसुफजाईको अनुहारमा गोली हानेका थिए।

# पाकिस्तानमा २ करोड २० लाखभन्दा बढी बालबालिका विद्यालयबाट बाहिर

इस्लामाबाद, २८ पुस (रासस/एएनआई)।

पाकिस्तानका प्रधानमन्त्री शाहबाज शरिफले देशमा दुई करोड २० लाखभन्दा बढी बालबालिका विद्यालय नगएको बताउँदै मुस्लिम राष्ट्रहरूले बालिकाहरूको शिक्षामा ध्यान केन्द्रित गर्नुपर्ने कुरामा जोड दिनुभएको छ।

इस्लामाबादमा दुई दिने 'मुस्लिम समुदायमा बालिका शिक्षा : चुनौती र अवसर' सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनमा बोल्दै उहाँले बालिकालाई शिक्षामा समान पहुँच प्रदान गर्न मुस्लिम विश्वले सामना गर्ने महत्त्वपूर्ण अवरोधहरूलाई स्वीकार गर्नुभयो।

प्रधानमन्त्री शरिफले आगामी दशकमा लाखौं युवा बालिकाहरू श्रमशक्तिमा प्रवेश गर्ने भन्दै उनीहरूले आफू र आफ्नो परिवारलाई गरिबीबाट माथि उठाउन मात्र नभई विश्व अर्थतन्त्रमा समेत योगदान गर्न सक्ने सम्भावनामा जोड दिनुभयो।

पाकिस्तानको कूल जनसङ्ख्याको आधाभन्दा बढी महिला भए पनि महिला साक्षरता दर ४९ प्रतिशत मात्र रहेको उहाँले जानकारी दिनुभयो। पाँचदेखि १६ वर्ष उमेर समूहका करिब दुई करोड २८ लाख बालबालिका विद्यालय बाहिर रहेको र बालिकाहरूको सङ्ख्या असमान रहेको पनि उहाँले उल्लेख गर्नुभयो।

"बालिकाहरूलाई शिक्षाबाट वञ्चित गर्नु भनेको उनीहरूको आवाज र छनोटबाट वञ्चित गर्नु हो र उज्ज्वल भविष्यको अधिकारबाट वञ्चित गर्नु हो", डनले प्रधानमन्त्री शरिफलाई उद्धृत गर्दै भनेको छ।

सम्मेलनमा नोबेल शान्ति पुरस्कार विजेता मलाला युसुफजाईसहित मुस्लिम बहुल देशका धेरै अन्तर्राष्ट्रिय प्रतिनिधिहरूले भाग लिइरहेका छन्।

मलालाले सम्मेलनमा विश्व नेताहरूसँग सहभागी हुन पाउँदा उत्साहित रहेको बताउँदै एक्समा आइतबार बालिकाहरूको शिक्षाको अधिकार संरक्षणको महत्त्व र तालिबानले अफगान महिला तथा बालिकाहरूप्रति गरेको व्यवहारका लागि जिम्मेवार ठह-याउनुपर्ने विषयमा बोल्नुहुने बताउनुभएको छ।

"म विश्वभरका मुस्लिम नेताहरूसँग बालिका शिक्षाको महत्त्वपूर्ण सम्मेलनमा सहभागी हुन उत्साहित छु... आइतबार म सबै बालिकाहरूको विद्यालय जाने अधिकारको संरक्षणका बारेमा र नेताहरूले अफगान महिला र बालिकाहरूविरुद्धको अपराधका लागि तालिबानलाई किन जिम्मेवार ठह-याउनुपर्छ भन्ने विषयमा बोल्नेछु", उहाँले एक्समा लेख्नुभएको छ।

बुधबार पाकिस्तान विदेश कार्यालयको वक्तव्यलाई उद्धृत गर्दै डनले जनाएअनुसार शिक्षामार्फत बालिकाहरूलाई सशक्त बनाउन मुस्लिम देशहरूको साझा प्रतिबद्धता उल्लेख गरिएको इस्लामाबाद घोषणापत्र हस्ताक्षर गरी सम्मेलन समापन हुनेछ।

प्रधानमन्त्री शरीफले यो घोषणापत्र उम्माह (मुस्लिम समुदाय) को सामूहिक लक्ष्यको रूपमा संयुक्त राष्ट्रसङ्घ र सुरक्षा परिषद्समक्ष पेस गरिने बताउनुभयो।

प्रतिनिधिहरूले विश्वभर बालिका शिक्षा अघि बढाउने प्रतिबद्धता जनाउँदै अन्तर्राष्ट्रिय साझेदारी सम्झौतामा पनि हस्ताक्षर गरेका छन्।

# भन्सार प्रशासन चुस्त बनाउन निजी क्षेत्रको सुझाव

काठमाडौं, २८ पुस (रासस)।
निजी क्षेत्रले व्यापार सहजीकरणका लागि भन्सार प्रशासन चुस्त बनाउन सुझाव दिएको छ। प्रतिनिधिसभाअन्तर्गतको अर्थ समितिमा आइतबार 'भन्सारसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०८०'माथिको छलफलका क्रममा निजी क्षेत्रका सरोकारवालाले भन्सार जाँचपासका क्रममा प्रक्रियागत झन्झट हटाउनुपर्ने, कर्मचारीको तजबिजी अधिकार कटौती गर्नुपर्नेलगायतका सुझाव दिएका छन्।

समितिले आइतबार नेपाल उद्योग वाणिज्य महासङ्घ, नेपाल उद्योग परिसङ्घ र नेपाल चेम्बर अफ कमर्ससँग विधेयकमाथि छलफल गरेको हो। त्यसअवसरमा निजी क्षेत्रका प्रतिनिधिले वस्तुहरुको क्वारेन्टिन तथा गुणस्तर परीक्षणका लागि पर्याप्त पूर्वाधार तयार पारिनुपर्ने, धरौटी रकम घटाउनु आवश्यक रहेकामा जोड दिए।

नेपाल उद्योग परिसङ्घका अध्यक्ष राजेशकुमार अग्रवालले सूचना प्रविधि र विद्युत् व्यापारको विषयलाई विधेयकले समेटन नसकेको बताउनुभयो। "प्रस्तावित विधेयकमा सफ्टवेयर निर्यातको विषयमा केही व्यवस्था गरिएको छैन। त्यस्तै विद्युत्को व्यापार भन्सारको दायरामा आउने वा नआउने भन्ने विषय स्पष्ट पारिएको छैन", अध्यक्ष अग्रवालले भन्नुभयो। त्यस्तै, भन्सार जाँचपास प्रक्रियामा कुनै विवाद आएमा त्यसको निरुपणका लागि प्रशासकीय पुनरावलोकनका लागि अलग्गै न्यायिक निकायको स्थापना गरिनुपर्नेमा परिसङ्घले जोड दिएको छ।

नेपाल चेम्बर अफ कमर्शका उपाध्यक्ष दीपक श्रेष्ठले भन्सार र कर कार्यालयलाई राजस्व उठाउने लक्ष्य दिँदा त्यसको असर व्यवसायीले भोग्नुपरेको बताउनुभयो। त्यस्तै, भन्सार जाँचपासका क्रममा प्रयोग हुने सन्दर्भ मूल्य पुस्तिका खारेज गरिनुपर्ने र 'हार्मनाइज्ड कोड' अनुसार वस्तुको वर्गीकरणलाई व्यवस्थित गरिनुपर्ने उहाँले सुझाव दिनुभयो।

नेपाल उद्योग वाणिज्य महासङ्घले भन्सार जाँचपासका क्रममा भन्सार कार्यालयले गरेको नमुना परीक्षण उपर चित्त नबुझेमा अन्य निकायबाट पनि चेकजाँच गर्न पाउने व्यवस्था गर्न सुझाव दिएको छ। भन्सार जाँचपासका क्रममा कुनै वस्तुमाथि भन्सार अधिकृतलाई शङ्का लागेर त्यस्तो वस्तुको जाँच गर्दा ५० प्रतिशत धरौटी राख्नुपर्ने विद्यमान व्यवस्थालाई संशोधन गरेर २५ प्रतिशत धरौटी राख्नुपर्ने व्यवस्था आवश्यक रहेको महासङ्घको भनाइ थियो।

न्यून वा अधिक बिजकीकरण गर्दा हाल शतप्रतिशत जरिवाना लाग्ने व्यवस्थालाई संशोधन गरेर ५० प्रतिशतमा झार्न पनि महासङ्घले सुझाव दिएको छ।

भन्सार जाँचपास प्रक्रियालाई थप प्रविधिमैत्री र सहज बनाउन तथा नेपाल पक्ष राष्ट्र रहेको 'क्योटो' महासन्धि अनुकूल हुनेगरी भन्सार ऐन संशोधन आवश्यक रहेकाले सरकारले उक्त विधेयक ल्याएको हो। नेपाल संशोधित क्योटो महासन्धि सम्झौता र विश्व व्यापार सङ्गठनको व्यापार सहजीकरण सम्झौताको पक्ष राष्ट्र हो।

यी सम्झौताअनुसार संशोधित क्योटो महासन्धिका प्रावधानमध्ये सामान्य प्रावधानहरु सदस्य भएको तीन वर्षभित्र तथा सङ्क्रमणकालीन मापदण्ड पाँच वर्षभित्र कार्यान्वयनमा ल्याइसक्नुपर्ने महासन्धिमा उल्लेख छ। त्यस्तै, व्यापार सहजीकरणका लागि भन्सारसँग सम्बन्धित प्रावधानहरु भन्सार ऐन नियमबाट सम्बोधन गर्न आवश्यक रहेको भन्दै सरकारले यो विधेयक ल्याएको हो।

# इन्जिनियर श्रेष्ठविरुद्ध विशेष अदालतमा आरोप-पत्र दायर

काठमाडौं, २८ पुस (रासस)।
अख्तियार दुरुपयोग अनुसन्धान आयोगले जलस्रोत तथा सिँचाइ विभाग तथा विभागअन्तर्गतका विभिन्न कार्यालयमा कार्यरत तत्कालीन इन्जिनियर विष्णुकुमार श्रेष्ठविरुद्ध विशेष अदालतमा आरोप-पत्र दायर गरेको छ।

श्रेष्ठसँग भएको रु चार करोड ८८ लाख ३० हजार तीन सय २९ दशमलव ५४ पैसाको स्रोत नखुलेको उल्लेख गर्दै आइतबार अदालतमा आरोप-पत्र दायर गरिएको आयोगका प्रवक्ता नरहरि घिमिरेले जानकारी दिनुभयो।

इन्जिनियर श्रेष्ठले लामो समय सिँचाइ तथा जल उत्पन्न प्रकोप नियन्त्रणका नाममा निर्माण हुने संरचनाबाट ठेकेदारसँग मिलेमतो गरी कमिसन लिई काठमाडौं, ललितपुरलगायतका विभिन्न स्थानमा घर जग्गा तथा गाडी खरिद, विभिन्न कम्पनीमा लगानी र विभिन्न व्यक्तिहरुको नाममा समेत जग्गा जमिन र चलअचल सम्पत्ति लुकाइ स्रोत नखुलेको गैरकानूनी सम्पत्ति आर्जन गरेको आयोगले आरोप-पत्रमा उल्लेख गरेको छ।

श्रेष्ठले सार्वजनिक पदमा रहँदा अख्तियारको दुरुपयोग गरी गैरकानूनी रुपमा आर्जन गरेको सम्पत्ति र सोबाट बढे बढाएको सम्पत्तिसमेत पत्नी लक्ष्मीकुमारी श्रेष्ठ, बुबा हरिकुमार श्रेष्ठ, आमा इन्द्रकुमारी श्रेष्ठ र छोरा विवेक श्रेष्ठ समेतका नाममा राखेको देखिएको आयोगको दाबी छ।

आयोगले श्रेष्ठको सम्पत्ति साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ (ग), दफा २९ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ (ख) बमोजिम जफतको माग गरेको छ। आयोगले श्रेष्ठकी पत्नी, बुबा, आमा र छोरालाई समेत प्रतिवादी कायम गरेको छ।

## 'सबै निकाय ...

दलहरू पारदर्शी, वस्तुनिष्ठ र जनताकेन्द्रित हुनुपर्ने जिकिर गर्नुभयो। संसदीय प्रणालीभित्र दलहरूको भूमिका प्रमुख हुने बताउँदै उहाँले संसदीय प्रणालीलाई बलियो बनाउन सूचनाको हकलाई सबैले प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्नेमा जोड दिनुभयो।

नेपाली कांग्रेसका सहमहामन्त्री भीष्मराज आङदेम्बेले कांग्रेसले लोकतान्त्रिक सिद्धान्तलाई पालना गर्दै सूचनाको हकसम्बन्धी व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्दै आएको बताउनुभयो। उहाँले लोकतन्त्र बलियो भए देश बलियो हुने बताउँदै लोकतन्त्रको प्रमुख आधार सूचनाको हक रहेको उल्लेख गर्नुभयो।

नेपाल कम्युनिष्ट पार्टी (एमाले)का उपमहासचिव प्रदीप ज्ञवालीले सूचनाको हकसम्बन्धी ऐन र संवैधानिक व्यवस्थालाई पूर्ण रूपमा कार्यान्वयन गर्दै आफ्नो पार्टीले पारदर्शी ढङ्गबाट जनतालाई हरेक सूचना प्रवाह गरिरहेको दाबी गर्नुभयो।

# सभापति लामिछानेलाई न्यायिक हिरासतमा पठाउन आदेश

काठमाडौं, २८ पुस (रासस)।
जिल्ला अदालत काठमाडौँले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेलाई न्यायिक हिरासतमा राख्न आदेश दिएको छ।

न्यायाधीश माधवप्रसाद अधिकारीको इजलासले सोमबार १० बजे इजलासमा निजलाई उपस्थित गराउन आदेश गर्दै न्यायिक हिरासतमा राख्न आदेश गरेको हो। आइतबार थुनछेक बहस नभएकाले लामिछानेलाई हिरासतमा पठाइएको हो।

"काठमाडौँको स्वर्णलक्ष्मी सहकारी ठगीमा जिल्ला अदालतमा उपस्थित हुनुभएका रास्वपाका सभापति लामिछानेको आजका लागि बयान लिने काम भयो," काठमाडौं अदालतमा स्रेस्तेदार रामु शर्माले भन्नुभयो, "भोलि १० बजे इजलासमा उपस्थित गराउने गरी प्रहरीको जिम्मा लगाउने आदेश भएको छ।"

# राष्ट्रिय परिचयपत्रका आधारमा खाता खोल्ने व्यवस्था मिलाउ : राष्ट्र बैंक

काठमाडौं, २८ पुस (रासस)।
नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाले राष्ट्रिय परिचयपत्र नम्बरका आधारमा खाता खोल्ने व्यवस्था मिलाउन सार्वजनिक सूचनामार्फत पुनः आग्रह गरेको छ। केन्द्रिय बैंकले यसअघि नै एकीकृत निर्देशन मार्फत बैंक तथा वित्तीय संस्थालाई निर्देश गरिसकेको थियो।

राष्ट्रिय परिचयपत्रको सहज पहुँच सुनिश्चित गर्न राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागले प्रत्येक जिल्ला प्रशासन कार्यालयमार्फत राष्ट्रिय परिचयपत्र प्राप्त गर्न सकिने व्यवस्था मिलाएको छ। यस्तै, काठमाडौं उपत्यकामा समेत जिल्ला प्रशासन कार्यालयका अतिरिक्त अस्थायी शिविर मार्फत परिचयपत्र प्रदान गरिँदै आएको सूचनामा उल्लेख छ।

राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागको पोर्टलमार्फत राष्ट्रिय परिचयपत्र नम्बर तथा आवेदनको स्थिति बुझ्न सकिने व्यवस्था गरिएको छ। विभागको पोर्टलमार्फत राष्ट्रिय परिचयपत्र नम्बरको जानकारी लिएर बैंक खाता खोली ग्राहकलाई सहजीकरण गर्न सबै बैंक तथा वित्तीय संस्थालाई आवश्यक निर्देशन दिइसकिएको केन्द्रीय बैंकको सूचनामा उल्लेख छ।


## राजविराज नगरपालिकाद्वारा सर्वसाधारणमा जारी सूचना

छाडा चौपाया नियन्त्रण अनुगमन तथा समन्वय समिति राजविराज नगरपालिकाको मिति २०८१।०९।२८ गते बसेको बैठकको निर्णयानुसार मिति २०८१।०९।२२ गते देखि नियन्त्रणमा लिइएको छाडा पशु चौपाया मध्ये तपसिल अनुसारको पशु चौपाया हाल सम्म सम्बन्धित पशु धनीले लिन नआई नगरपालिकाको कान्जी हाउसमा रहिरहेको हुदाँ यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र सम्बन्धित पशु धनी आफ्नो प्रमाणसहित नियमानुसार लाग्ने जरिवाना तिरी यो सूचना प्रकाशन भएको मितिले सात दिन भित्र आफ्नो पशु जिम्मा लिई लग्न हुन अन्यथा नियमानुसार लिलाम भई जाने व्यहोरा सरोकावाला सबैमा जानकारीका लागि यो सूचना जारी गरिएको छ ।

तपसिल

| क्र.सं. | पशुको किसिम | थान | अन्दाजीउमेर | परिचयात्मक चिन्ह |
|---|---|---|---|---|
| १ | गाई | १ | ५ बर्ष | सेतो, खैरो रंगको |
| २ | बाछी | १ | २ बर्ष | सेतो,खैरो रंगको |
| ३ | बाछी | १ | २ बर्ष | सेतो रंगको |

पशुपंक्षी विकास शाखा
राजविराज नगरपालिका



## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (व्यवस्था) गरौं।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको व्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं।

अनुरोधकर्ता
तिरहुत गाउँपालिका, सप्तरी


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*